# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
# विदेशी लेखाव्यवसायी संस्थाका विद्यार्थीको लागि
# पंजिकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७१

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम ३८ मा भएको विदेशी लेखाव्यवसायी संस्थाका लागि पंजिकृत प्रशिक्षार्थीको रुपमा पंजिकृत प्रशिक्षण सेवामा राख्न वा प्रशिक्षण दिने सम्बन्धी व्यवस्थालाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदको पूर्व स्वीकृति लिनु पर्ने छ भन्ने व्यवस्था भएकोले परिषदको मिति २०७१ आषाढ ३१ को १८८औ बैठकले यो कार्यविधि पारित गरि जारी गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम  विदेशी लेखाव्यवसायी संस्थाका विद्यार्थीको लागि पंजिकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७१  रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'ऐन' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ,२०५३ सम्झनुपर्छ ।

(ख) 'नियमावली'  भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (संसोधन सहित) नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) 'संस्था' भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) 'परिषद' भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।

(ङ) 'प्रशिक्षक' भन्नाले विदेशी लेखाव्यवसायी संस्थाबाट चाटर्ड एकाउन्टेन्सी शिक्षा हासिल गरि सदस्यता प्राप्त गरेका संस्थाको पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्यलाई सम्झनु पर्छ ।

(च) 'कार्यविधि' भन्नाले विदेशी लेखाव्यवसायी संस्थाका विद्यार्थीको लागि पंजिकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७१ सम्झनुपर्छ ।

### ३. बिबरण पेश गर्नुपर्ने :

विदेशी लेखाव्यवसायी संस्थाबाट चाटर्ड एकाउन्टेन्सी शिक्षा हासिल गरि सदस्यता प्राप्त गरेका संस्थाको पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्यले विदेशी लेखाव्यवसायी संस्थाका लागि कसैलाई पंजिकृत प्रशिक्षार्थीको रुपमा पंजिकृत प्रशिक्षण सेवामा राख्न वा प्रशिक्षण दिन चाहेमा देहाय बमोजिमका कागजातहरु सम्लग्न गरि संस्थामा निवेदन दिनु पर्नेछ ।

क) प्रशिक्षकबाट प्रशिक्षण सेवामा राख्नु पर्ने व्यहोराको निवेदन

ख) पंजिकृत प्रशिक्षर्थीको रुपमा पंजिकृत प्रशिक्षण सेवामा राख्न चाहेको प्रशिक्षार्थीको विवरण

ग) बिदेशी लेखा व्यवसायी संस्थाको पेशागत प्रमाणपत्र अद्यावधिक भएको प्रमाण

घ) संस्थाले तोकेका अन्य कागजात

४. कार्यविधि ३ बमोजिम निवेदन प्राप्त भएमा संस्थाको कार्यकारी निर्देशकले उक्त निवेदन तथा सम्लग्न कागजातहरु सहित कार्यकारिणी समितिमा पेश गर्नेछ ।

५. कार्यविधि ४ बमोजिम प्राप्त निवेदन तथा कागजातहरु कार्यकारिणी समितिले आवश्यक अध्ययन तथा छानविन गरि विदेशी लेखा व्यवसायी संस्थाको सदस्यको हैसियतले निवेदकलाई पंजिकृत प्रशिक्षार्थीको रुपमा राख्न वा निजलाई प्रशिक्षण दिन  स्वीकृति प्रदान गर्न सक्नेछ ।

६. कार्यविधि ५ बमोजिम स्वीकृति प्राप्त भए पछि विदेशी लेखा व्यवसायी संस्थाको सदस्यको हैसियतले निवेदकले सम्बन्धीत विदेशी लेखाव्यवसायी संस्थामा अध्ययनरत विद्यार्थीलाई पंजिकृत प्रशिक्षार्थीको रुपमा राख्न वा निजलाई प्रशिक्षण दिन सक्नेछ ।

७. कार्यविधि ६ बमोजिमको स्वीकृति लिई पंजिकृत प्रशिक्षार्थीको रुपमा राख्ने प्रशिक्षकले सो को जानकारी संस्थालाई ३० (तीस) दिन भित्र जानकारी गराउनु पर्नेछ ।

८. **प्रशिक्षणमा राख्न पाउने प्रशिक्षार्थीहरुको सीमा**

कार्यविधि ५ बमोजिम पंजिकृत प्रशिक्षार्थीलाई प्रशिक्षण दिन पाउने लेखाव्यवसायमा संलग्न भई देहायको अवधि पूरा गरेका मुल प्रशिक्षकले एक पटकमा देहायको संख्याको सीमामा रहि बिदेशी लेखा व्यवसायी संस्थाको समेत पंजिकृत प्रशिक्षार्थी प्रशिक्षण सेवामा राख्न सक्नेछ :

| | | |
|---|---|---|
| (क) | पांच वर्षको अवधि पूरा भएकोमा | एक जनासम्म |
| (ख) | सात वर्षको अवधि पूरा भएकोमा | दुई जनासम्म |
| (ग) | दश वर्षको अवधि पूरा भएकोमा | तीन जनासम्म |

९. **शूल्क बुझाउनु पर्ने**

कार्यबिधी ३ अनुसार विदेशी लेखाव्यवसायी संस्थाका लागि कसैलाई पंजिकृत प्रशिक्षार्थीको रुपमा पंजिकृत प्रशिक्षण सेवामा राख्न वा प्रशिक्षण दिन स्वीकृतिको लागि संस्थामा निवेदन पेश गर्दा प्रति प्रशिक्षार्थी प्रति स्वीकृतिको लागि रु. ५,०००।०० (रु. पांच हजार) शुल्क तिर्नुपर्ने छ ।

१०. **जानकारी गराउनु पर्ने :**

यस कार्यविधि बमोजिम प्रशिक्षकले देहाय बमोजिमको विवरण सहित संस्थामा जानकारी गराउनु पर्नेछ ।

क) प्रशिक्षर्थीले तालिम शुरु गरेको मिति र विषय
ख) प्रशिक्षार्थीले तालिम छोडि गएको मिति र विषय
ग) प्रशिक्षर्थीले तालिम सम्पन्न गरेको मिति र विषय
घ) संस्थाले आवश्यक ठानेका अन्य कुराहरु

११. **प्रशिक्षकलाई कारवाही गर्न सकिने :**

(१) कुनै मूल प्रशिक्षकले संस्थाको स्वीकृति नलिई प्रशिक्षणमा राखेको पाइएमा कार्यकारिणी समितिले सो सम्वन्धमा आवश्यक जांचबुझ गराउन सक्नेछ ।

(२) उपकार्यविधि (१) बमोजिम जांचबुझगर्दा प्रशिक्षकले संस्थाको स्वीकृति नलिई प्रशिक्षणमा राखेको पाइएमा त्यस्तो प्रशिक्षकलाई संस्थाले सचेत गराउने वा अनुशासनको कारवाहीको छानविनको लागि अनुशासन समितिमा पठाउन सक्नेछ ।
तर संस्थाबाट सचेत गराउनु अघि निजलाई परिषदसमक्ष सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

१२. **प्रशिक्षार्थीबाट आर्थिक लाभ लिन नहुने :**
प्रशिक्षकले प्रशिक्षण सेवामा रहेका पंजिकृत प्रशिक्षार्थीबाट कुनै किसिमको शुल्क, चन्दा, दस्तुर, ऋण, धरौटी वा अन्य कुनै किसिमको आर्थिक लाभ वा सुविधा प्राप्त गर्नु हुंदैन ।

१३. यो कार्यविधि स्वीकृत हुनु भन्दा अघि यदि कुनै सदस्यले विदेशी लेखाव्यवसायी संस्थाका लागि कसैलाई पंजिकृत प्रशिक्षार्थीको रुपमा पंजिकृत प्रशिक्षण सेवामा राखीरहेको भए तीन महिना भित्र सोको स्वीकृति लिई सक्नु पर्नेछ ।

१२. **कार्यविधि संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने :**
यस कार्यविधिको संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने अधिकार परिषदमा निहित रहने छ ।